**कटहरी गाउँपालिका कार्यालय**

**मोरंग**

**बृहद⁄एकीकृत शहरी विकास योजना तर्जुमाका लागि आशयपत्र आब्हानसम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४⁄१२⁄२३

कटहरी गाउँपालिकाको स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको अगुवाई र सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामूलक तरिकाबाट कार्यालयबाट स्वीकृत TOR (Term of Reference) मा उल्लेख भए वमोजिम समग्र कटहरी गाउँपालिकाको बृहद⁄एकीकृत सहरी विकास योजना तर्जुमा गर्न लागिएको छ । बृहद⁄एकीकृत सहरी विकास योजना तर्जुमा गर्दा जलबायु परिवर्तन अनुकुलन, वातावरण संरक्षण, विपद जोखिम न्यूनीकरण, फोहोरमैला व्यवस्थापन, बालमैत्री स्थानीय शासन र क्षमता विकास, सामाजिक सदभाव, लैङ्गिक समता र सामाजिक समावेशीकरण र जवाफदेहिताजस्ता विषयगत क्षेत्रहरुलाई योजना तर्जुमा प्रकृयामा साझा सवालको रुपमा समावेश गरी योजना तर्जुमा गरिनेछ । सम्बन्धित विषयगत क्षेत्रमा अनुभव भएका योग्य व्यवसायी फर्म⁄परामर्शदाताबाट प्राविधिक तथा परामर्श सहयोगमा बृहत⁄एकीकृत सहरी विकास योजना तर्जुमा गरिनेछ ।

यस गाउँपालिकाको बृहत⁄एकीकृत सहरी विकास योजना तर्जुमा प्रकृयामा प्राविधिक सहयोग तथा परामर्श सेवा प्राप्त गर्न सम्बन्धित विषयगत क्षेत्रमा अनुभव भएका इच्छुक पेशागत दक्षता तथा अनुभव भएका व्यवसायी फर्म⁄परामर्शदाता संस्थाबाट देहायअनुसार तोकिएको ढाँचामा आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्रको ढाँचा यस कार्यालयबाट संकलन गर्न वा कार्यालयको वेभसाइट www.kataharimun.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।

२. इच्छुक योग्यता पुगेका संस्थाले तोकिएको ढाँचामा आशयपत्र निम्नानुसारको कागजातसहित पेश गर्नु पर्नेछः

(क) आशयपत्र पेशसम्बन्धी आवेदन ।

(ख) संस्थाको विस्तृत विवरण (दर्ता, नवीकरण, भ्याट⁄पान दर्ता र कर चुक्ता दस्तावेज⁄प्रमाणपत्र) ।

(ग) संस्थाको प्रोफायल तथा कामको अनुभव ।

(घ) संस्थाको भौतिक पूर्वाधार तथा उपकरणहरुको विवरण ।

(ङ) संस्थाको विगत ३ वर्षको वित्तीय कारोबार सम्बन्धी विवरण ।

(च) संस्थाको कालो सूचीमा नपरेको स्वघोषित पत्र ।

(छ) एकल परामर्शदाताको हकमा विगत ३ वर्षको र दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिनेको हकमा विगत सात वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण ।

(ज) संस्थाको प्रमुख कर्मचारी तथा आबद्ध पेशागत विज्ञहरुको व्यक्तिगत विवरण (CV) तथा कार्य अनुभवको क्षेत्र ।

३. इच्छुक आवेदक संस्थाले आशय पत्र सम्बन्धी कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरणहरु भरी आवश्यक कागजात संलग्न गरी शिलबन्दी गरी खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ । रीत नपुगेको, म्याद नाघि आएको, सहिछाप र सिलबन्दी नभएको र कुनै शर्त उल्लेख भई आएको तथा यस सूचनासम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको आशयपत्र उपर कुनै कार्वाही हुने छैन ।

४. आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा आशयपत्र दर्ता गराइसक्नु पर्नेछ र यसरी दर्ता भएका आशयपत्रहरु सोहि दिन दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ । उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो विदाको लगतै कार्यालय खुलेको दिनमा दर्ता गर्ने र खोलिने कार्य गरिनेछ । म्याद र समयभित्र दर्ता हुन आएको आशय पत्र कटहरी गाउँपालिका कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । आशयपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि आशयपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. आवेदक संस्थाको आधिकारिक कागजात तथा प्रमाण, कार्य अनुभव र आर्थिक, भौतिक तथा मानवीय संसाधनको अवस्थालाई आधार मानी संक्षिप्त सूची तयार गरिनेछ ।

६. आशयपत्र मूल्यांकनका आधारमा आवेदक संस्थाहरुको संक्षिप्त सूची तयार गरी मूल्यांकनको माथिल्लो श्रेणीमा रहेका कम्तीमा ३ देखि ६ वटा संस्थाहरुलाई मात्र प्राविधिक तथा आर्थिक प्रस्तावको लागि आमन्त्रण गरिनेछ ।

७) आयशपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ । संयुक्त उपक्रमका लागि आशयपत्र पेश गर्न इच्छुक आवेदकले आशयपत्र पेश गर्दा मुख्य भई काम गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्बन्धी सम्झौताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

८. यस आशयपत्र आह्वानसम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

९. स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस शर्त र बन्देजभित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

११. विस्तृत जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यलयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

..................

काजीमान राई

(प्रमुख प्रशासकीय अधिकृत)